Laxmi Laghubitta Bittiya Sanstha Ltd.

लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

(लक्ष्मी सन्राइज बैंक लि. को सहायक कम्पनी)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:

कपन मार्ग, महाराजगंज, काठमाडौं । फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४

इमेल: info@laxmilaghu.com.np, वेबसाइट: https://www.laxmilaghu.com.np

INTERIM FINANCIAL STATEMENTS

Unaudited Condensed Statement of Financial Position
As on Quarter Ended 29, Poush 2081

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash equivalent	349,033,311	95,745,831
Statutory Balances and Due from Nepal Rastra Bank	29,983,000	29,983,000
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	6,169,500,934	6,365,903,035
Investment Securities	2,342,031	3,842,031
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	31,559,925	35,337,767
Goodwill and Intangible assets	1,769,897	3,447,142
Deferred Tax Assets	39,029,163	39,029,163
Other Assets	109,496,183	106,644,119
Total Assets	**6,732,714,445**	**6,679,932,088**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	2,444,589,973	2,371,419,159
Borrowing	3,394,922,561	3,412,746,293
Current Tax Liabilities	14,709	652,552
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	182,386,676	160,622,807
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**6,021,913,919**	**5,945,440,811**
Equity		
Share Capital	441,662,100	441,662,100
Share Premium	-	-
Retained Earnings	18,536,587	(10,313,770)
Reserves	250,601,839	303,142,947
Total Equity	**710,800,526**	**734,491,277**
Total Liabilities and Equity	**6,732,714,445**	**6,679,932,088**
Net assets value per share	1,524.40	1,512.45
Networth Per Share	160.94	166.30

Condensed Statement of Profit or Loss
For the quarter ended 29 Poush,2081

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest Income	194,098,553	427,978,215	246,339,634	459,866,188
Interest Expense	110,406,576	230,747,222	146,309,969	280,927,075
Net Interest Income	**83,691,977**	**197,230,993**	**100,029,665**	**178,939,114**
Fee and Commission Income	11,089,357	25,007,396	24,803,000	58,831,158
Fee and Commission Expense	891,706	898,200	13,087	23,526
Net Fee and Commission Income	**10,197,651**	**24,109,196**	**24,789,913**	**58,807,632**
Net Interest, Fee and Commission Income	**93,889,628**	**221,340,189**	**124,819,578**	**237,746,746**
Net Trading Income	-		-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**93,889,628**	**221,340,189**	**124,819,578**	**237,746,746**
Impairment charge/(reversal) for loans and other losses	7,482,672	14,559,052	22,800,946	25,352,611
Net Operating Income	**86,406,956**	**206,781,137**	**102,018,632**	**212,394,135**
Operating Expense	**86,618,998**	**182,931,903**	**85,020,508**	**181,951,661**
Personnel (Staff) Expenses	65,593,421	141,728,538	71,646,074	147,226,802
Other Operating Expenses	18,211,524	35,553,698	11,032,599	29,958,368
Depreciation & Amortization	2,814,053	5,649,667	2,341,835	4,766,492
Operating Profit	**(212,043)**	**23,849,233**	**16,998,124**	**30,442,473**
Non Operating Income	4,005	248,505	274,705	278,710
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**(208,038)**	**24,097,738**	**17,272,829**	**30,721,183**
Income Tax Expense	**(785,343)**	**6,506,389**	**5,282,413**	**9,198,263**
Current Tax	(785,343)	6,506,389	5,181,849	9,216,355
Deferred Tax	-	-	100,564	(18,092)
Profit for the Period	**577,306**	**17,591,349**	**11,990,416**	**21,522,920**
Condensed Statement of Comprehensive Income	**577,306**	**17,591,349**	**11,990,416**	**21,522,920**
Profit and (Loss) for the period	577,306	17,591,349	11,990,416	21,522,920
Other Comprehensive Income	-	-	-	-
Total Other Comprehensive Income	**577,306**	**17,591,349**	**11,990,416**	**21,522,920**
Basic earnings per share		7.97		9.75
Diluted earnings per share		7.97		9.75

Ratios as per NRB Directive:

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Capital Fund to RWA	-	8.95%	-	8.22%
Non-Performing Loan(NPL) to Total Loan	-	8.47%	-	9.63%
Total Loan Loss Provision to Total NPL	-	86.88%	-	68.06%
Cost of Funds	-	8.26%	-	9.67%
Credit to Deposit and Borrowing Ratio	-	223.22%	-	261.17%
Base Rate	-	14.93%	-	15.72%
Interest Rate Spread	-	3.60%	-	5.33%

Interest Rate:	
Deposits	7.50% - 9.00%
Borrowings	12% - 15%

Statement of distributable profit or loss
For the year ended 29, Poush 2081
(As per NRB Regulation)

Particular	Current Year Up to This Qtr YTD	Previous Year Corresponding Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**17,591,349**	**21,522,920**
Appropriations:		
a. General reserve	3,518,270	4,304,584
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	175,913	215,229
e. Employees' training fund	-	-
f. Client Protection Fund	175,913	215,229
g. Other	-	-
Profit or (loss) before regulatory adjustment	**13,721,252**	**16,787,878**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	13,629,106	(19,466,020)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-	-
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	(18,091.59)
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)	-	-
h. Actuarial loss recognized (-)/reversal (+)	-	-
i. Other (+/-)	-	-
Net Profit for the Qtr ended Poush 2081 available for distribution	**27,350,358**	**(2,696,234)**
Opening Retained Earning as on Shrawan 1,2081	(8,813,770)	17,469,245
Adjustment (+/-)		
Distributions:		
- Bonus Shares issued	-	-
- Cash Dividend Paid	-	-
Total distributable Profit/(Loss) as on Qtr end date	18,536,587	14,773,011
Annualized Distributable Profit/Loss Per Share	4.20	3.34

Notes:

1. The interim financial Statements have been prepared in accordance with the NFRS Complaint financial statement format provided by Nepal Rastra Bank (NRB) and the principles and policies adopted by the financial institution in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances have been presented net of Impairments and includes employee loan facilities.
3. Financial Statements are subject to review by regulatory authority and statutory auditors.
4. Figures have been regrouped and rearranged as per the necessity.
5. Assets and Liabilities have been presented in their fair value wherever possible.
6. Detail interim financial report has been published in the official website of institution : https://laxmilaghu.com.np.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ३६ को उपनियम (१) अर्न्तगतको अनूसुची-१४ बमोजिम

आ.व.२०८१/८२ को दोश्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :

आ.व.२०८१/८२ को दोश्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचित गरिएका व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेवसाईट ***https://www.laxmilaghu.com.np*** मा पनि राखिएको छ ।

ख) सम्बन्धित पक्ष बीचको कारोवार :

लक्ष्मी सन्राइज बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी सन्राइज बैंक लिमिटेडको ६०%, संस्थापक शेयर स्वामित्व रहेको छ भने ४०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ । सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी सन्राइज बैंकसँगको तपशिल बमोजिमका कारोवारहरु रहेका छन् ।

क्र.सं	शेयर स्वामित्व	बैंकमा रहेको निक्षेप मौज्दात (रु.)	उपभोग गरेको कर्जा सुविधा (रु.)	भुक्तानी भएको ब्याज रकम (रु.)
१.	३०,९१,६३,४७०	७३,४३,९५४	२,३०,१९,६५,३१८	९,८०,६५,८९९

ग) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य	तरलता अनुपात
७.९७	१४५.६१	१६०.९४	१,५२४.४०	४.८९

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण: चालु आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासमम्मा वित्तीय संस्थाको समग्र वित्तीय अवस्था सन्तोषजनक रहेको छ । अर्थतन्त्रमा देखापरेको मन्दी, लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधि, नियमनकारी व्यवस्था जस्ता कारणहरुले गर्दा वित्तीय कारोवारहरुमा प्रत्यक्ष असर परेता पनि वित्तीय कारोवारहरुमा सुधारोन्मुख स्थिती रहेको छ । वित्तीय कारोवारहरुमा क्रमिक सुधारको कारण चालु आ.व.२०८१/८२ को दोश्रो त्रैमासको अन्तसम्म सञ्चालन मुनाफा धनात्मक रहेको छ । सम्भावित जोखिमलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरुलाई निरन्तरता दिइदै आईरहेको छ । वित्तीय कारोवारहरुमा क्रमशः सुधार हुने प्रक्षेपण गर्दै आगामी दिनहरुमा किस्ताको साँवा/ब्याज असुलीमा नियमित हुने, निक्षेप परिचालन, आम्दानीमा क्रमश बढोत्तरी र कर्जा लगानीको अवस्था पनि सन्तोषजनक हुने व्यवस्थापनको अनुमान रहेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाकाल देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई नेपालको गरिवी न्यूनीकरण, ग्राहक सदस्यहरुको जीवनस्तरमा सुधार, वित्तीय समावेशीकरण बढाउने दृढ संकल्प लिई नेपाल भरी नै लघुवित्त सेवाहरु प्रदान गर्ने अठोटका साथ लघुवित्त कारोवारहरु गर्दै आएको छ । हाल देशका ७ वटै प्रदेश अन्तर्गतका विभिन्न ५६ जिल्लाहरुमा ९० वटा शाखा कार्यालयहरु मार्फत १,१०,४४७ विपन्न घर परिवारहरुमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रम, ग्राहकहरुको सिप तथा क्षमता विकासको लागि तालिम, विश्वसनीय कारोवारको लागि प्रविधिमैत्री सेवा सुविधाहरु प्रदान, उचित व्यवहार र आचरण सहितका वित्तीय कारोवारको अभ्यासबाट ग्राहक सन्तुष्टीमा अभिवृद्धि गर्दै व्यवसाय विस्तार र वृद्धिको योजना तथा रणनीतिहरु तय गरी कार्य गरिरहेको छ । आगामी दिनमा व्यवशाय विस्तार र वृद्धिको लागि संस्थाले वित्तीय पहुँच नपुगेका घरधुरीमा वित्तीय सेवा उपलब्ध गराउने योजनाहरु तय गरेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधिहरु, आर्थिक गतिविधिहरुमा भएको शिथिलता लगायतका अन्य वाह्य वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा ढिलासुस्ती, कर्जा मिनाहा सम्बन्धी भ्रम जस्ता समस्याहरुको कारण चालु आ.व. २०८१/८२ को दोश्रो त्रैमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष रुपमा नकारात्मक असर परेको छ । तथापि, उल्लेखित परिस्थिती बीच वित्तीय कारोवारहरु सुचारु गर्दै आईरहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै गम्भीर प्रकृतिको मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा विविध समस्याहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
रु.१,२३९.३०	रु.१,००४.६०	रु.१,१५९.९०	५५	१,९६२

५. समस्या तथा चुनौती :

वित्तीय संस्थाले भोगेका समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- आर्थिक मन्दीको कारण ग्राहकको कृषि,व्यापार,व्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव,
- लघुवित्त वित्तीय संस्था विरुद्ध सञ्चालित गतिविधिहरुको कर्जा असूली तथा लगानीमा समस्या,
- लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, बढ्दो निष्क्रिय कर्जा, कारोवार विस्तारमा बढ्दो जोखिम, दक्ष जनशक्तिको अभाव आदी ।

६. संस्थागत सुशासन :

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ । संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा व्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।